


नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, असोज ११ गते२०५३ साल (अतिरिक्ताङ्क ३३

भाग ३

श्री ५ को सरकार

आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति काठमाडौंले काठमाडौं महानगरपालिका वडा नं. ७ को तपसिलको चारकिल्लाभित्रको चावहिल क्षेत्रमा रहेको जग्गाको विभिन्न किसिमहरूलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवा सुविधा विस्तार व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बेची असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम मिति २०५३।९।१८ देखि संचालन गर्न श्री ५ को सरकारबाट मिति २०५३।६।४ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

तपसिल

पूर्वः चावहिल बौद्ध सीमा विवाद कपन जाने बाटो ।
पश्चिमः धोबी खोलाको वर्तमान देब्रे साइडको किनार ।
उत्तरः खहरे खोला ।
दक्षिणः देवीघाट सवस्टेशन छेउको पूरानो तारलाइनको बाटो ।

आज्ञाले,
डी. बी. भट्टराई
श्री ५ को सरकारको सचिव

मुद्रण मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिक प्रयोजनका लागि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।